नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति ।

मि.नं.-७५ दायर मिति-: २०८०/०४/२६

फैसला मिति-: २०८१/०३/२४

**वादी**

**नन्दलाल साह कानु जाहेरीले वादी नेपाल सरकार----१**

**प्रतिवादी**

**गजेन्द्र सहनी मलाह समेत ३ जना**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले हाकी चलाई ल्याएको मोटर साईकलले ठक्कर दिई उमेश साह कानु गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने व्यहोराको नन्दलाल साह कानुको जाहेरी दरखास्त ।

२. प्रतिवादीले हाकी चलाई ल्याएको मोटर साईकलले ठक्कर दिई उमेश साह कानु गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भएको भन्ने घटनास्थल मुचुल्का ।

३. एल.एस.न्यूरो अस्पतालको पत्र ।

४. मैले हाकी चलाई ल्याएको मोटर साईकलले ठक्कर दिई उमेश साह कानु घाईते भएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादी गजेन्द्र सहनी मलाहको बयान कागज ।

५. प्रतिवादीले हाकी चलाई ल्याएको मोटर साईकलको ठक्करले उमेश साह कानु गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने मौकामा बुझिएका सकली देवी धानुक समेतको घटनाविवरण कागज ।

६. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

७. म्याद तामेल गरी पठाईएको भन्ने ई.प्र.का.परवानीपुर, बारा र प्रहरी चौकी पिस्कर, सिन्धुपाल्चोकको पत्र ।

८. प्रतिवादीले यस कार्यालयमा आई गरेको साबिती बयान ।

९. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

१०. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८०।०३।०३ गते बिहान अं.०७:०० बजेको समयमा म जाहेरवालाको भतिज बर्ष ३५ को उमेश साह कानु नास्ता गर्न पैदल जादै गरेको अवस्थामा जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं ११ श्रीपुरस्थित सडक खण्डमा पुग्दा प्रतिवादी गजेन्द्र सहनी मलाहले तीब्र गतिमा चलाई आएको बा. ४१ प ४३२८ नम्बरको मोटरसाईकलले मेरो भतिजोलाई ठक्कर दिईटाउँको खुट्टा तथा शरीरको बिभिन्न भागहरुमा गम्भिर चोट लागि घाईते बनाएकोमा निजलाई तत्काल वीरगन्जस्थित तराई अस्पतालमा लगी उपचार गराउँदा उपचार हुन नसकी थप उपचारको लागी एल.एस.न्यूरो अस्पतालमा लगि ICU वार्डमा भर्ना गराई उपचार गराउँदा भतिज उमेश साह कानुको टाउँकाको खप्पर खोली अपरेशन गर्नु परेको र निज भतिजको हातखुट्टा नचल्ने भई काम गर्न सक्ने अवस्था समेत नरहेको भन्ने नन्दलाल साह कानुको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी गजेन्द्र सहनी मलाहले गरेको बयान र यस कार्यालयमा उपस्थित भई उपचार खर्च वापतको क्षतिपूर्ति दिनु पर्ने हो भनि गजेन्द्र सहनी मलाहले गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादी गजेन्द्र सहनी मलाह र उपस्थित नभई थमाउने म्याद समेत गुजारी वसेका प्रतिवादीहरु रम्भु सहनी र प्रनेश श्रेष्ठ समेत ३ जनाबाट सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)को खण्ड (ख) र दफा १६३(२) बमोजिम जाहेरवाला वा घाईतेलाई उपचार खर्च रु.११,४५,७८६/- अक्षेरेपी एघार लाख पैतालिस हजार सात सय छयासी मात्र भरी भराउन ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)को खण्ड (ख) र दफा १६३ (२) बमोजिम प्रतिवादीहरु गजेन्द्र सहनी मलाह, रम्भु सहनी र प्रनेश श्रेष्ठबाट जाहेरवाला वा घाईतेलाई उपचार खर्च रु.११,४५,७८६/- मात्र भरी भराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र लेख्नु --------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे ३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-----------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना २४ गते सोमवार रोज २/ ने.सं. ११४४ दिल्लाथ्व तृतिया, शुभम् .......